म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ६३ मंगलबार १५ असोज २०८१ ने. सं. ११४४ ञलागा 1 October 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## डेंगुका २३ जना र स्क्रब टाइफ्सका ७ जना बिरामी भेटिए

हेटौंडा, १४ असोज/मकवानपुरमा पछिल्लो २४ घण्टामा २३ जना डेंगु संक्रमित बिरामी र ७ जना स्क्रब टाइफ्सका बिरामी भेटिएका छन् । जनस्वास्थ्य कार्यालय मकवानपुरका अनुसार, यो अवधिमा हेटौंडा उपमहानगरपालिकामा २० जना र मनहरी गाउँपालिकामा ३ जना डेंगु संक्रमण पुष्टि भएको हो । यसैगरी, सोही अवधिमा हेटौंडा उपमहानगरपालिकामा ५ जना र मकवानपुर गढी गाउँपालिकामा एकजना र राक्सिराङ गाउँपालिकामा एकजना गरी ३ जनामा स्क्रब टाइफ्सका बिरामी भेटिएको स्वास्थ्य कार्यालय जनाएको छ ।

आज थपिएसँगै जिल्लामा डेंगु संक्रमितको कुल संख्या ४०८ पुरुष र ३६३ महिला गरी ७७१ जना पुगेको छ भने स्क्रब टाइफ्सका बिरामी ८० पुरुष र १५९ महिला गरी २३९ जना पुगेको छ । यो तथ्यांक गत साउन महिनादेखि आज सोमबारसम्मको हो ।

# विपद् प्रतिकार्यमा बागमती सरकारको भूमिका कमजोर

## २ करोड राहत रकम पठाउने निर्णय

साझाकुरा संवाददाता

हेटौंडा, १४ असोज/ बागमती प्रदेशका १३ जिल्लासहित देशभरका ५६ जिल्ला वर्षाका कारण उच्चजोखिममा रहेको पूर्वसूचना मौसम पूर्वानुमान महाशाखाले पहिल्यै दिइसकेको थियो ।



जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाले गत बिहीवारदेखि मनसुन सक्रिय हुने जनाउँदै प्रदेशका मकवानपुर, चितवन, धादिङ, नुवाकोट, रसुवा, काठमाडौं भक्तपुर, ललितपुर, काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली र रामेछापमा 'रेड अलर्ट' जारी गरेको थियो । महाशाखाले प्रदेशको दोलखा जिल्लालाई भने 'रेड अलर्ट' जारी गरेको थिएन । महाशाखाले वर्षाको कारण सम्भावित उच्च जोखिमबारे पूर्वसूचना दिनु अघिल्लो दिन अर्थात बुधवारदेखि नै हल्का वर्षा सुरु भइसकेको थियो ।

१० असोजदेखि १४ असोजसम्म वर्षाका कारण देशभरमा सबैभन्दा बढी क्षति बागमती प्रदेशका जिल्लामा परेका छन् । काभ्रे, धादिङ, काठमाडौं, ललितपुर, मकवानपुर, सिन्धुली, रामेछाप लगायत जिल्ला बाढीपहिरोबाट प्रभावित बने । बाढीपहिरोले बागमती प्रदेशका १३ जिल्लामा १ सय ३९ जनाले ज्यान गुमाएका छन् । ५५ जना अझै बेपत्ता छन् । २२६ परिवार प्रभावित हुँदा ३१ वटा घरमा पूर्णक्षति भएको छ ।

३ वटा पुलमा क्षति पुगेको प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले जनाएको छ । मन्त्रालयले विपद्का कारण जिल्लामा सम्पर्क टुटेकाले क्षतिको विवरण उपलब्ध हुन बाँकी रहेको जनाएको छ । तर, बागमती प्रदेश सरकार मौसम पूर्वानुमान महाशाखाको पूर्वसूचनाबाट गम्भीर नभएको देखिन्छ । विपद्को पूर्वतयारी गर्नबाट सरकार चुकेको हो । सरकारले नै विपद्मा भूमिका कमजोर भएको स्वीकारोक्ति गरेको छ ।

यतिसम्मकी विपद्मा प्रभावित भएकाहरुको उद्धारका लागि सरकारी निकायसँग इन्धन खरिद गर्न आर्थिक समस्यासमेत भएको प्रदेशका कानुनमन्त्री सुरजचन्द्र लामिछानेले उल्लेख गरेका छन् । विपद्को पूर्वसूचना आइसक्दा उद्धारमा खटिने सवारीसाधन, सुरक्षा निकाय र अन्य जनशक्ति तथा उद्धार सामग्रीको व्यवस्थापन गर्नुपर्नेमा सरकार सुरक्षाकर्मीलाई पहिल्यै उद्धार सामग्री दिइसकेको छ, भन्दै ओठे जवाफ दिइरहेको छ ।

१० असोजदेखि १३ गतेसम्म परेको वर्षाका कारण बाढीपहिरोले बितण्डा मच्चाइ सकेपछि बागमती सरकारले भर्खरै विपद्बाट खोज, उद्धार र प्रतिकार्यका लागि ६५ लाख रुपैयाँ पठाउने निर्णय गरेको छ । बागमती प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको सोमबार बसेको बैठकले विपदजन्य घटनामा खोज, उद्धार र प्रतिकार्य काम गर्नका लागि भन्दै प्रदेशका १३ वटै जिल्लामा ५-५ लाखका दरले रकम पठाउने निर्णय गरेको हो ।

विपद्मा सवारीसाधनको इन्धन खरिद गर्नसमेत रकम अभाव भएको र उद्धार सामग्रीको अभाव रहेको गुनासोपछि तत्काल रकम पठाउने निर्णय भएको आन्तरिक मामिला तथा कानुन मन्त्री लामिछानेले बताए । मन्त्री लामिछानेले काबुबाहिरको विपद्बाट ठूलो जनधनको क्षति हुन पुगेको बताए । उनले आवश्यक पूर्वतयारी गर्न प्रदेश सरकार चुक्न पुगेको स्वीकार गरेका छन् । विपद्जन्य घटनामा उद्धार सामग्री रजनशक्तिको अभावले सरकारको भूमिका कमजोर हुन पुगेको उनको दाबी छ ।

लामिछानेले विपद्मा उद्धार र प्रतिकार्यको लागि प्रदेश सरकारले कुनै कसर बाँकी नराखेको बताए । मन्त्रालयका सचिव पूर्णबहादुर दर्जीले आवश्यक जनशक्ति र पूर्वाधारको समस्याले प्रयास गर्दागर्दै विपद्मा सरकारको भूमिका कमजोर देखिन पुगेको स्वीकार गरे । उनले पूर्वतयारीका लागि विगतमा पनि बजेट र सुरक्षा निकायलाई उद्धार सामग्री उपलब्ध गराएको बताए ।

### प्रभावित जिल्लामा २ करोड राहत पठाउने निर्णय

बागमती प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बैठकले प्रदेशका विपद् प्रभावित जिल्लामा २ करोड भन्दा बढी राहत रकम उपलब्ध गराउने निर्णय गरेको छ । मन्त्री सुरजचन्द्र लामिछानेको अध्यक्षतामा बसेको समितिको बैठकले १० असोजदेखि १४ गतेसम्म विपद्बाट प्रभावित भएका बागमतीका १० वटा जिल्लालाई २ करोड ३० लाख रुपैयाँ राहत वितरण गर्ने प्रयोजनका लागि उपलब्ध गराउने निर्णय गरेको हो ।

राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्रको १४ असोजको तथ्यांकअनुसार विपद्बाट बढी क्षति भएको देखिएको काभ्रेपालञ्चोकमा ६० लाख, धादिङमा ५० लाख, ललितपुरमा ३० लाख, काठमाडौंमा २० लाख, सिन्धुपाल्चोकमा २० लाख रकम पठाउने निर्णय भएको मन्त्री लामिछानेले जानकारी दिए । यसैगरी, दोलखा, रामेछाप, सिन्धुली, मकवानपुर, भक्तपुरलाई १०/१० लाखका दरले राहत रकम दिइने उनले बताए ।

प्रदेश विपद् व्यवस्थापन कोष परिचालन कार्यविधि-२०८० अनुसार राहत रकम प्रदेश विपद् व्यवस्थापन कोषबाट जिल्ला विपद् व्यवस्थापन कोषमा प्रदान गरिनेछ । सम्बन्धित विपद् प्रभावित जिल्ला प्रशासन कार्यालयबाट थप रकम माग भई आएको अवस्थामा तत्काल आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट रकम उपलब्ध गराई कार्यकारी समितिबाट अनुमोदन गरिने मन्त्री लामिछोनेले जानकारी दिए ।

प्रदेश राजमार्गअन्तर्गत रहेका अवरुद्ध सडक तत्काल सूचारु गर्न आवश्यक देखिएकोले भौतिक पूर्वाधार विकास मन्त्रालयलाई आवश्यक प्रक्रिया अगाडि बढाउन र सडक सूचारु गर्न आवश्यक पर्ने बजेटका सम्बन्धमा प्राविधिक मूल्यांकनलगायत आवश्यक विवरण सहित आर्थिक मामिला तथा योजना मन्त्रालयमा पेश गर्ने निर्णय भएको मन्त्री लामिछानेले जानकारी दिए ।

विपद्बाट क्षति भएका कृषिबाली तथा पशुचौपायाको राहतको व्यवस्था कृषि तथा पशुपन्छी विकास मन्त्रालयले मिलाउने, प्रदेशभित्र रहेका विद्यालयको क्षतिको अवस्था संकलन गरी सामाजिक विकास मन्त्रालयले तत्काल मर्मत सम्भार गर्नुपर्ने भए कार्य अगाडि बढाउन, खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालयले खानेपानीको पहुँचबाट प्रभावित परिवारलाई तत्काल खानेपानी उपलब्ध गराउने कार्य गर्न समितिले निर्णय गरेको छ ।

स्वास्थ्य मन्त्रालयमार्फत् विपद्का कारण घाइतेको शीघ्र तथा नि:शुल्क उपचारका लागि चिकित्सकीय टोली र आवश्यक औषधि तथा उपकरणको व्यवस्थापन गर्ने, विपद्बाट प्रभावित परिवारका लागि खाद्यान्नलगायत वस्तुको सहज आपूर्तिको व्यवस्थाका लागि जिल्ला प्रशासन र स्थानीय तहको समन्वयमा उद्योग, वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयले व्यवस्था मिलाउने निर्णय भएको मन्त्री लामिछानेले जानकारी दिए ।

# बागमतीमा मृतकलाई तत्काल दुई लाख, अस्थायी आवास बनाउन एक लाख

साझाकुरा संवाददाता

हेटौंडा, १४ असोज/ बागमती प्रदेशको सर्वदलीय बैठकले १० असोजदेखि परेको वर्षाका कारण विपद्बाट मृत्यु भएकाको परिवारलाई तत्काल दुई लाख रुपैयाँ दिने निर्णय गरेको छ ।



मुख्यमन्त्री बहादुरसिं लामाको अध्यक्षतामा सोमबार साँझ ललितपुर जावलाखेलस्थित प्रदेश सुशासन केन्द्रमा बागमती प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरुको सर्वदलीय बैठकले विपद्बाट प्रभावित प्रदेशभित्र बसोबास गर्ने परिवारलाई राहत तथा क्षतिपूर्तिस्वरुप प्रतिमृतक दुई लाख रुपैयाँ उपलब्ध गराउने निर्णय गरेको हो ।

बाढीपहिरोले आवास विहीन भएका प्रभावित परिवारलाई अस्थायी संरचना निर्माणका लागि एक लाख रुपैयाँ दिने निर्णय गरिएको नेपाली कांग्रेस बागमती प्रदेशका सचेतक गोविन्द लम्सालले जानकारी दिए । बाढीपहिरोले बागमती प्रदेशका १३ जिल्लामा १ सय ३९ जनाले ज्यान गुमाएका छन् । ५५ जना अझै बेपत्ता छन् । २२६ परिवार प्रभावित हुँदा ३१ वटा घरमा पूर्णक्षति भएको छ ।

सर्वदलीय बैठकले तत्काल उद्धार, राहत र पुनर्निर्माणमा जुट्ने निर्णय गरेको सचेतक लम्सालले जानकारी दिए । बैठकले घाइतेको नि:शुल्क उपचार गर्ने व्यवस्था मिलाउने, भौतिकरुपमा क्षति भएका सडक, पुल, विद्युत, खानेपानी लगायतको व्यवस्थापन गर्न जिल्लास्थित प्रदेश मातहतका कार्यालयमार्फत वजेट व्यवस्थापन गर्ने निर्णय गरेको छ ।

सर्वदलीय बैठकमा बागमतीका निवर्तमान मुख्यमन्त्री शालिकराम जम्मकट्टेल, राप्रपा संसदीय दलका नेता उद्धव थापा, नेमकिपाका नेता सुरेन्द्रराज गोसाईं, हाम्रो नेपाली पार्टीका शैलेन्द्रमान बज्राचार्य, कांग्रेस सचेतक लम्साल, नेकपा एमालेका प्रमुख सचेतक मधुसुदन पौडेल, माओवादी केन्द्रका प्रमुख सचेतक रत्नप्रसाद ढकाल, नेकपा एकीकृत समाजवादीका बसन्त मानन्धरलगायतको उपस्थिति रहेको थियो ।

# हेटौंडासँग जोडिएका तीनवटा सडक सञ्चालनमा

साझाकुरा संवाददाता

हेटौंडा, १४ असोज/ वर्षासँगै पहिरो खसेर अवरुद्ध भएका सडकमध्ये मकवानपुरको हेटौंडा-काठमाडौं र हेटौंडा-धरान-चतरा जोड्ने तीनवटा सडक सञ्चालनमा आएको छ ।

जिल्ला प्रहरी कार्यालयका अनुसार सडकबाट पहिरो पन्छाएर त्रिभुवन राजपथ सडकअन्तर्गत हेटौंडा-भैंसे, सीमभन्याङ-पालुङ-नौबिसे र मदन भण्डारी लोकमार्ग अन्तर्गत हेटौंडा-सिन्धुली-धरानचतरा सडक सोमबार बिहानबाट खुलेका छन् । यस्तै त्रिभुवन राजपथ सडक अन्तर्गत हेटौंडा-भैसे-पालुङ-चित्लाङ-चन्द्रागिरि-काठमाडौं जाने सडक आइतबार साँझबाट एकतर्फीरुपमा सञ्चालनमा आएको हो ।

वर्षासँगै खसेको पहिरो पन्छाएपछि ती सडक सञ्चालन भएको जिल्ला प्रहरी कार्यालयका निमित्तप्रवक्ता प्रहरीनिरीक्षक ठाकुर प्रसाद सापकोटाले जानकारी दिए । सडकअन्तर्गत मकवानपुरको थाहा नगरपालिका-५ दामनमा पहिरो जाँदा सडक अवरुद्ध भएको थियो । कान्तिलोकपथ सडकको बकैया गाउँपालिका-१२ घट्टेपाखा र ११ नम्बर वडाको लाम्राङ, आँपचौरमा पहिरोका कारण र भीमफेदी गाउँपालिका-८ स्थित वागमतीखोलाको पुल कटान गरी सडक अझै पूर्णरुपमा अवरुद्ध छ ।

दक्षिणकाली-छैमले-सिस्नेरी सडकअन्तर्गत इन्द्रसरोवर गाउँपालिका-३ रामचन्द्र भन्ज्याङमा पहिरो खसेर कुलेखानी-फाखेल-फर्पिङ बाटो पूर्णरुपमा अवरुद्ध रहेको प्रहरी निरीक्षक सापकोटाले बताए । दक्षिणकाली-छैमले-सिस्नेरी सडकखण्डकै इन्द्रसरोवर गाउँपालिका-२ सिमखोलास्थित लच्कामा सिमखोलमा आएको बाढीले कटान गरी कुलेखानी-सिस्नेरी-फर्पिङ बाटो पूर्णरुपमा अवरुद्ध भएको प्रहरीले जनाएको छ ।

कुलेखानी-मार्खु भित्री सडकखण्डको इन्द्रसरोवर गाउँपालिका-१ सिम्लाङमा पहिरोका कारण थानकोट-कुलेखानी बाटो पूर्णरुपमा अवरुद्ध छ । भीमफेदी गाउँपालिका-४ रातोमाटे, भीमफेदी-६ ढोकाफेदीमा पहिरो खसेर हेटौंडा-कुलेखानी जोड्ने बाटो पूर्णरुपमा अवरुद्ध रहेको प्रहरीनिरीक्षाक सापकोटाले जानकारी दिए । अवरुद्ध अन्य सडकमा पनि पहिरो पन्छाउने कार्य भइरहेको उनले बताएका छन् ।

# सिस्नेरी पहिरोमा पुरिएका तीन बालकको शव हेटौंडा ल्याइयो



साझाकुरा संवाददाता

हेटौंडा, १४ असोज/ मकवानपुरको इन्द्रसरोबर गाउँपालिका-३ स्थितबत्सलादेवी माविमा रहेको एन्फा एकेडेमीका ३ बालकको शव सोमबार हेटौंडा ल्याइएको छ ।

हेटौंडा-१२ का अनुपम घलान, मकवानपुरगढी गाउँपालिकाका साइमन योन्जन र बारा निजगढ नगरपालिकाका विकल रेग्मीको शव हेलिकप्टरबाट हेटौंडा-११ थानाभन्याङस्थित बागमती प्रदेश प्रहरी कार्यालयमा ल्याइएको थियो । त्यहाँबाट गाडीमा शव ल्याएर हुप्रचौरमा श्रद्धाञ्जलीसभाको आयोजना भएको थियो । जिल्ला खेलकुद विकास समिति मकवानपुरले श्रद्धाञ्जलीसभा आयोजना गरेको हो ।

अखिल नेपाल फुटबल संघ (एन्फा) को सिस्नेरी एकेडेमीका ६ जना बालकको शनिवार सिस्नेरीमा पहिरोले पुरिएर मृत्यु भएको थियो । सोही दिन साँझ नेपाली सेनाको हेलिकप्टरमा काठमाडौंस्थित शिक्षण अस्पताल लगिएको शव सोमबार हेलिकप्टरबाटै हेटौंडा ल्याइएको थियो । बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाकाअनुसार सर्लाहीका १३ वर्षीय आदित्य बलमपाकी, काठमाडौं कलंकीका ११ वर्षीय प्रियान्स आचार्य र मकवानपुर सिस्नेरीका १४ वर्षीय दिवस बानियाँको पहिरोमा पुरिएर मृत्यु भएको थियो ।


**आकर्षक जग्गा बिक्रीमा**

हेटौंडा-११ स्थित सुन्दर बस्ती डाङडुङ्गेमा रहेको बजारबाट २ कि.मि. मात्र दुरी भएको, होटल हेटौंडा हाइटबाट १०० मि. पछाडि २ कठ्ठा १५ धुर क्षेत्रफल भएको आकर्षक जग्गा बिक्रीमा भएको हुँदा इच्छुकले तु.सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. ९८४५४६१०३४

**सूचना ! सूचना !! सूचना !!!**

*अब किन जानु पर्‍यो विदेश ?*

हामी कहाँ आउनूस्

छानीछानी सुमो किनेर

आफैं साहु बन्नूस्

७०% बैंकिङ सुविधा



हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्

Singhababini Moto Corp Pvt. Ltd.

९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# पूर्वसूचनामा बेवास्थाको परिणाम

शनिबार एकाबिहानै सिस्नेरीमा पहिरोमा पुरिएर मृत्यु भएका विद्यार्थीका आफन्तले आइतबार महाराजगंजस्थित शिक्षण अस्पतालपरिसरमा नाराबाजी नै गरिरहेका थिए । मृतक बालकका परिवार तथा आफन्तजनले घटनाको निष्पक्ष छानबीन हुनुपर्ने, दोषिमाथि कारबाही गरिनुपर्ने, मृतकका परिवारलाई क्षतिपूर्ति दिइनुपर्ने माग राख्दै नाराबाजी गरेका थिए । यो माग पूरा नभएसम्म शव नबुझ्ने चेतावनी उनीहरुले दिएका थिए । आइतबार दिनभरि नै शिक्षण अस्पताल महाराजगंज तनावग्रस्त बनेको थियो । उनीहरुको माग सम्बोधन हुनुपर्ने कि नपर्ने त ? सिस्नेरीस्थित बत्सलादेवी माविको एन्फा एकेडेमीमा रहेका ४० जना बालकसहितको टोली सुरक्षित स्थान टेकर बजारतर्फ जाने क्रममा रहेका ६ जनालाई पहिरोले पुरेको थियो । विगत ६ महिनादेखि सिस्नेरीमा नियमित फुटबल सिक्दै आएका ६ जना बालकको ज्यान मात्रै गुमेन, फुटबलर बनेर देशको लागि खेल्ने कलिलो सपना पनि चुडिँएको छ ।

बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाकाअनुसार सर्लाहीका १३ वर्षीय आदित्य बलमपाकी, काठमाडौं कलंकीका ११ वर्षीय प्रियान्स आचार्य, मकवानपुर हेटौंडाका १४ वर्षीय अनुपम घलान, मकवानपुरगढी घरभएका १४ वर्षीय साईमन योञ्जन, बारा निजगढका १४ वर्षीय विकल रेग्मी र मकवानपुर सिस्नेरीका १४ वर्षीय दिवस बानियाँको पहिरोमा पुरिएर मृत्यु भएको हो । कुलेखानी जलविद्युत केन्द्रको जलाशय भरिएर जुनसुकै बेला ढोका खोल्नुपर्ने सूचना अघिल्लो दिन अर्थात् शुक्रबार अपरान्ह नै दिएको थियो । कुलेखानी प्रथम जलविद्युत केन्द्रको पत्राचारपछि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, इन्द्रसरोबर गाउँपालिका र जिल्ला प्रशासन कार्यालय मकवानपुरले शुक्रबार एकसाथ कुलेखानीको जलाशय भरिन लागेकाले जुनसुकै बेला ढोका खोलेर पानी छोड्नुपर्ने भन्दै तल्लो तटीयक्षेत्रमा सतर्कता अपनाउन अपिल गरेका थिए । अविरल वर्षाका कारण कुलेखानीको जलाशय भरिएर शनिवार बिहान करिब ५ बजे ढोका खोलियो । ढोका खोलेर पानी छोड्दा कुलेखानी खोलामा एक्कासी पानीको बहाब बढेपछि जलाशयबाट करिब ३ किलोमिटर तल रहेको बत्सलादेवी माविस्थित एन्फा एकेडेमीका फुटबल सिकिरहेका बालक, प्रशिक्षक र शिक्षक सुरक्षित स्थानतर्फ जान हतारिएका थिए । तलबाट माथि सुरक्षित स्थान खोजेर जान खोज्दा पहिरोले पुरिएर ६ जनाको मृत्यु भएको थियो । कुलेखानीले अघिल्लो दिन नै तल्लो तटीयक्षेत्रमा उच्चसतर्कता अपनाउन सूचित गरेपनि कुलेखानी खोलासँगै जोडिएको बत्सलादेवी माविको एन्फा एकेडेमीका ४० जना बालकलाई रातभर विद्यालयमै राखियो ।

कुलेखानीले सूचना दिइरहँदा पनि बालकलाई सुरक्षित ठाउँमा नलगेको विषयमा विद्यालय व्यवस्थापन समिति र अखिल नेपाल फुटबल संघ (एन्फा)को चर्को विरोध भइरहेको छ । इन्द्रसरोबर गाउँपालिका-३, टेकरस्थित बत्सलादेवी माविको पछाडि कुलेखानी हुँदै बग्ने सिस्नेरी खोला छ । सिस्नेरी भिरालो क्षेत्र भएकाले खोला बेगमा बग्ने गर्दछ । बत्सलादेवी माविमा (३० चैत २०८० मा) एन्फा एकेडेमी आएको थियो । इन्द्रसरोबर गाउँपालिकाले पनि शुक्रबार सूचना जारी गर्दै २ र ३ नम्बर वडामा सतर्कता अपनाउन भनेको थियो । कुलेखानी प्रथम जलविद्युत केन्द्रका प्रमुख तारादत्त भट्टले शुक्रबार र शनिवार बिहान ४ बजे जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय, स्थानीय तहलाई जानकारी गराएर मात्रै ढोका खोलिएको बताएका छन् । इन्द्रसरोबर गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीले आफूलाई घटना भएको मात्रै थाहा भएको तर, कसको लापरबाहीले घटना हुन पुगेको भन्नेबारे जानकारी नभएको प्रतिक्रिया दिएका छन् । २०५० साल साउन ५ गते पनि यसैगरी कुलेखानीको बाँधको ढोका खोलेर जलासयमा रहेको पानी बाहिर पठाइएको थियो । त्यतिबेला मकवानपुरमा भन्दा पनि बागमतीले सर्लाहीको कर्मैया आसपासमा बढी क्षति पुगेको थियो ।

# विपद्मा नेतृत्वविहीन देश



✍ सुदर्शन खतिवडा

गत वर्ष कार्तिकमा देश भूकम्पको पीडा खेपिरहेको बेला राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेल जापान उडेका थिए । यसपटक पनि असोज ७ देखि नै मौसम विभागले 'आरिघोप्टे वर्षा' हुने र ठूलो विपद् निम्तन सक्ने भन्दै सचेत गराइरहेको बेला मुलुकको विपद् व्यवस्थापनको जिम्मेवारी बोकेका प्राधिकरणका कार्यकारी प्रमुख पोखरेल शुक्रबार राति बेलायत उडेका छन् । सरकारका अर्का उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल चीन भ्रमणमा थिए । ७ असोजमा चीन पुगेका उनी नेपालमा विपद्ले चौपट मच्चाइरहँदा चीनमै रहे । उनी वर्षा रोकिएपछि आइतबार दिउँसो स्वदेश फर्किएर भीषण बाढी र पहिरोले जनधनमा ठूलो क्षति पुऱ्याएकोमा दुःख व्यक्त गरेको उनको सचिवालयले जनाएको छ ।

अरु त अरु, संयुक्त राष्ट्रसंघको महासभामा भाग लिन अमेरिका गएका हाम्रा प्रधानमन्त्री केपी शर्मा ओली आज साँझ बल्ल नेपाल फर्कँदैछन् । मुलुकमा यति ठूलो जनधनको क्षति हुँदा उनले स्वदेश फर्कन हतारो देखाएनन् । अचम्म त कहाँनेर छ भने नेकपा एमालेको विशाल पार्टी संरचनाभित्र कसैले पनि प्रश्न गर्न आवश्यक ठानेनन् कि 'कमरेड ! यो एक दुई देशका प्रतिनिधिसँग हात मिलाएर फोटो खिचाउने र एक दुइटा विश्वविद्यालयमा प्रवचन दिएर बस्ने समय होइन कि ?' संसारका सबैजसो देशले यस्ता विपद्को सामना गर्नुपर्ने हुन्छ । तर जुनसुकै देशका पनि जिम्मेवार नेताहरू संकटको बेला जनताबाट टाढा बस्न सक्दैनन्, नजिक आउँछन् । उनीहरुले जिम्मेवारी लिन्छन् र सक्दो क्षमता प्रयोग र परिचालन गर्छन् । नसक्दा योग्यका लागि जिम्मेवारी छोडेर नैतिकता प्रदर्शन गर्छन् । तर, हाम्रो राजनीतिक नेतृत्वले विपद्को बेला जिम्मा लिनुपर्छ भन्ने यस पटक पनि ठानेन ।

फुर्सदिला प्रधानमन्त्रीको प्राथमिकतामा 'विपद्मा परेको देश' परेन । केही नभए पनि संकटमा परेका नागरिकले आफ्नो कार्यकारी प्रमुख नजिकै छ, हाम्रो लागि केही गरिरहेको छ भन्ने अनुभूति गर्न पाएनन् । भनौं, संकटको बेला, विपद्को बेला देश नेतृत्वविहीन भयो । यस्तोमा, आम नागरिक मात्रै होइन, प्रमुख सत्ता साझेदार नेपाली कांग्रेसले नै प्राकृतिक प्रकोपसँग जुध्न सरकारले आवश्यक पूर्वतयारी नगरेको भनेर असन्तुष्टि जनाएको छ । स्मरणीय छ, कांग्रेसकै नेता प्रकाशमान सिंह अहिले देशको कार्यवाहक प्रधानमन्त्री छन् । आखिर नेतृत्वको सम्पूर्ण परीक्षण यस्तै संकटकै बेलामा हुने हो । सजिलो अवस्थामा त सबै 'महान' देखिन सक्छन् ।

**चुकेको सरकार**

पूर्व मनसुन तयारी बैठकमा सरकारले राम्रो तयारी भएको जानकारी दिँदै आएको थियो । सञ्चार माध्यमले नेपालतिर पानी पार्ने प्रणाली सोहिरिएकोले विपत्तिको जोखिम बढ्यो भनेर स्पष्ट सञ्चार गरेका थिए । तर काठमाडौं उपत्यकामा उद्धारमा खटिएका जवानहरूको हात लगभग रित्तो थियो । उनीहरू उद्धार सामग्रीको अभावमा काम गर्न सकिरहेका थिएनन् । २० वर्ष अगाडि किनेको सीमित डोरी बोकेर उनीहरू उद्धारमा खटिएका थिए ।

विपद् व्यवस्थापनमा सरकारको तयारी र प्रतिकार्यको अभावले जनधनको क्षति बढाएको छ र सरकारको विपद् व्यवस्थापन क्षमतामा गम्भीर प्रश्न उठेको छ । संसारमा संकटको बेला नेताहरूको व्यवहार र प्रतिक्रिया बारे अध्ययनहरू भएका छन् । असल नेतृत्वले विपत्तिमा स्पष्ट सन्देश दिने, निर्णय लिन ढिला नगर्ने र जनतासँगको सम्बन्ध बलियो बनाउने प्रयास गर्छन् । उनीहरूले यस्तो व्यवहार गर्छन् कि संकटमा रहेका नागरिकले हाम्रो नेतृत्व/अभिभावक मसँगै छ भन्ने बलियो सन्देश प्राप्त गरून् । नेतृत्व नबोले पनि सन्देश के गइरहेको हुन्छ भने- जनताभन्दा पहिलो प्राथमिकता नेतृत्वको अरू छैन । तर हाम्रोमा व्यवहार त्यस्तो देखिएन । विपद् बढिरहँदा प्राधिकरण प्रमुख विदेश भ्रमणमा निस्किए । स्वाभाविक प्रश्न उठ्छ- यस्तो प्राधिकरण र प्रमुख नेपाली जनतालाई किन चाहियो ? यतिसम्म कि सरकारले सर्वदलीय बैठक बोलाउने छाँटकाँट नगरेपछि प्रमुख प्रतिपक्षले बैठक बोलाएर सन्देश दिनुपर्ने अवस्था देखियो । तर पनि प्रधानमन्त्रीले भ्रमण छोट्याउने आवश्यकता महसुस गरेनन् । यस्तो अवस्थामा आफैं विदेशमा रहेका प्रधानमन्त्रीले प्राधिकरण प्रमुखलाई कुन नैतिकताले स्पष्टीकरण सोधून् ?

देशको कार्यकारी प्रमुख विदेश रहेको समयमा आपत्कालीन अवस्थाका लागि कार्यवाहक प्रधानमन्त्रीले विशेष मन्त्रिपरिषदको बैठक राखेर आवश्यक काम गर्नुपर्ने थियो । २०६५ भदौमा तत्कालीन प्रधानमन्त्री प्रचण्ड बेइजिङ ओलम्पिक्समा भाग लिन चीन गएका थिए । यता, कोशी बाँध फुटेर विपत्ति निम्तियो । त्यतिबेला कार्यवाहक प्रमको भूमिकामै डा.बाबुराम भट्टराईले तत्काल विशेष मन्त्रिपरिषद् बैठक राखेर उद्धार र राहतका काम अघि बढाएका थिए । सरकारको केन्द्रीय सचिवालय सिंहदरबार वरिपरि नै बाढीले नराम्रो क्षति पुऱ्याएको छ । उपत्यकाभित्रै ठूलो मानवीय क्षति भएको छ । त्यही भएर अहिले सरकार निरीह कुरा गरेर आफ्नो बचाउ गरिरहेको छ ।

मौसमसम्बन्धी पूर्वसूचनासँगै जोखिम क्षेत्रहरू पहिचान गरी त्यहाँ बस्ने नागरिकलाई सुरक्षित स्थानमा सार्ने काम हुन सकेको थिएन । उद्धारमा ढिलासुस्ती त्यस्तै छ । राहतमा पनि राज्य चुकिरहेको छ । प्रभावित क्षेत्रसँगको सञ्चार सम्पर्क विच्छेद छ । यी सबैले हाम्रो विपद् व्यवस्थापन प्रणाली कति कमजोर छ भन्ने प्रष्ट बनाएको छ । प्राकृतिक प्रकोप व्यवस्थापनको पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका तीनै चरणमा अब्बल नतिजा देखाउने मौकामा सरकार नराम्ररी चुकेको छ । अझै पनि प्रतिकार्य सुस्त छ । गुहार माग्दा केही नलागेपछि पहिरोमुनि च्यापिएका शवहरू नै निकाल्न बाँकी छन् । झ्याप्रे खोलामा पहिरोले पुरिएका बस र यात्री निकाल्ने उपकरण तेल सकिएर रोकिएको खबर सुन्नुपर्दा सरकारप्रति नागरिकको प्रतिक्रिया कस्तो होला ? अझैपनि राजधानीबाट टाढा सीमान्त भूगोलबाट पूर्ण खबरहरू आउनै बाँकी छन् । थुप्रै नागरिकले ज्यान गुमाएका छन्, त्यत्तिकै बेपत्ता र घाइते हुँदा हजारौं विस्थापित भएका छन् । हाम्रो प्राकृतिक सौन्दर्य ध्वस्त भएको छ । विश्वको जुनसुकै कुनामा भए पनि प्रधानमन्त्रीले यी सबै कमजोरीको जिम्मा लिनुपर्छ । कमसल पूर्वतयारी, कमजोर प्रतिकार्य भएपछि सरकारले राम्रो प्रतिक्रिया पाउँदैन । अहिले देखिएको सरकार विरोधी आक्रोश यसैको प्रतिफल हो ।

**सरकारको कमजोर "भिजिबिलिटी"**

शुक्रबारदेखिको अविरल वर्षाका कारण जलमग्न ललितपुर महानगरपालिका- २५ सुगम बस्ती टोल नजिकै नख्खु खोला किनारमा टहरोबाट एउटा परिवार नै बग्यो । टहरोमाथि उनीहरू घन्टौंसम्म उद्धारको याचना गर्दै पर्खिरहे तर अन्ततः उनीहरूलाई खोलाले बगायो । 'नख्खु खोलामा केही मानिसहरू टहराको छतमा बसेको अवस्थामा कोसिस गर्दागर्दै पनि बचाउन सकेनौं । हेलिकप्टरमार्फत् पनि उद्धार गर्न सकिएन । भिजिबिलिटीका कारण जोगाउन सकेनौं', गृहमन्त्री लेखकले भनेका थिए । तर, यो तर्कले विपद् व्यवस्थापनमा भएको गम्भीर कमजोरीलाई छोप्न सकेन । उल्टो, सरकारको विपद् प्रतिकार्य तयारीको 'भिजिबिलिटी' पो कमजोर देखियो । किनकि पूर्वतयारीका लागि समय पर्याप्त थियो । पूर्वानुमानमा नेपाल पनि परिपक्व भइसकेको र ९० प्रतिशत जस्तो बढी मौसम पूर्वानुमानहरू मिल्न थालेको विज्ञहरूले नै बताइरहेका थिए ।

नेपाल आफैंसँग प्रविधि रहेको र खासगरी दक्षिण एशियाली संरचनासँग पनि जोडिएकोले यो सम्भव भएको हो । त्यसैले ठिक समयमा 'अलर्ट' जारी भएका थिए । विशेष बुलेटिनहरू प्रकाशन भइरहेका थिए । आम सञ्चार माध्यमले त्यसरी नै 'कभरेज' गरिरहेका थिए । चणिकलाल तामाङलाई उद्धारमा बगिरहेको बाढीमा हामफाल्दा 'भिजिबिलिटी पुअर' भएन तर गृहमन्त्री भिजिबिलिटी पुअर भएर हेलिकप्टरबाट उद्धार गर्न नसकेको बताइरहेका थिए । पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ तीनै चरणमा भिजिबिलिटी गुमाएको सरकारका गृह मन्त्रीसँग बाढीले बगाएका नागरिकलाई अरु नागरिकले उद्धार गरेर बचाउन सक्छन् भन्ने 'दूरदृष्टि' र विश्वास बाँकी थिएन । उनले तत्कालै 'मृत्यु' नै भइसकेको आशयसहित दुःख व्यक्त गरे । मौसमको होइन सरकारको भिजिबिलिटी कति कमजोर छ भनेर थाहा पाउन यो दृष्टान्त पर्याप्त छ ।

विभिन्न अध्ययन प्रतिवेदनमा मात्र होइन, नेपाल सरकारकै गृह मन्त्रालयको प्रतिवेदनमा पनि नेपाल जलवायुजन्य जोखिमका दृष्टिले २०० देशमध्ये चौथो जोखिमयुक्त देश भनेर उल्लेख छ । पछिल्लो समय जलवायु परिवर्तन लगायतका विभिन्न कारणले यस्ता बाढी पहिरोको आयतन र प्रभाव बढ्दै गएको देखिन्छ । यी विपद्मा प्रकृतिको सँगै मान्छेको दोष कति हो ? निश्चयनै यो प्राकृतिक विपत्तिभन्दा बढी विवेकशील प्राणीको बुद्धिमा बिर्को लाग्दा प्रकृतिविरुद्ध जाने रफ्तार नरोकिनुको प्रतिफल हो । यसको कारक मान्छे हो । यसलाई रोकथाम गर्न हामी कहाँ चुक्यौं ? सिंगो राज्ययन्त्र/राज्यशक्ति परिचालनमा हामी कहाँ चुक्यौं ? यसको समीक्षा नगरी अब अगाडि बढ्न सकिन्न ।

**चाडबाडको मुख, राजधानीमा "नाकाबन्दी"**

बाढी पहिरोले मुलुकका धेरै स्थानमा तवाह मच्चाएको छ । सयौं वर्ष लामो सपना र दशकौं लामो प्रयासबाट बनेका पुलहरू बगेका छन् । सडक भत्किएका/पुरिएका छन् । अरु भौतिक संरचनामा क्षति छ । यसरी हेर्दा एउटा पुल मात्रै होइन, नागरिकको सपना बगेको छ । हजारौं विस्थापित छन् । देश चाडपर्वको मुखमा छ । दशैंमा २० लाख मानिस घर जानुपर्ने अवस्थामा बसेका छन् । यस्तो बेलामा स्वाभाविक रूपमा सरकारको भूमिकाको खोजी हुन्छ । तर, काठमाडौं एकप्रकारको नाकाबन्दीमा छ । यो नाकाबन्दी कुनै शक्ति केन्द्रले राजनीतिक निर्णय गरेर खुल्दैन । न्युयोर्कबाट फर्कनासाथ आज साँझदेखि नै प्रधानमन्त्रीका अगाडि एउटा बलियो चुनौतीको पहाड उभिने छ- चाडबाडको मुखमा लाइफलाइन काटिएको राजधानीबाट कसरी देश चलाउने ? सिमलताल हुँदै झ्याप्ले खोलासम्म आइपुग्दा सरकारले के सिक्यो ? विपद् प्रतिकार्यमा अब्बल ठहरिन कति नागरिकले आफ्नो ज्यान गुमाउनुपर्ने हो ? नेपाली समाजले अझ कति ठूलो वियोग व्यहोर्नुपर्ने हो ? यो स्तरको नागरिक वियोग अयोग्य शासकहरूको कमजोर विपद् प्रतिकार्यको मूल्यमा व्यहोर्नुपरेको हो ।

**प्रतिपक्षको रमिता**

मानिसहरू अझै पनि उद्धार कुरिरहेका छन् । तर, रचनात्मक भूमिका बिर्सिएर प्रतिपक्षी दलहरू विपद्लाई राजनीतिक अवसरका रूपमा उपयोग गर्ने रणनीतिमा देखिन्छन् । विपत्तिलाई अवसर बनाएर च्याँखे थाप्नुअघि दलहरूले राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा २० पढून । त्यहाँ दलको काम, कर्तव्य र अधिकार बारे यसो भनिएको छ- विपद् जोखिम न्यूनीकरण शिक्षा अभियान सञ्चालन गरी पूर्वतयारी कार्यमा सहयोग पुऱ्याउने, राष्ट्रिय विपत्तिको समयमा खोज, उद्धार, सहयोग, पुनर्स्थापना लगायत अन्य आवश्यक सहयोग गर्ने ।

तर यी जिम्मेवारी बिर्सिएर, विपद्को बेला पार्टी संरचना परिचालन गर्न छाडेर पूर्वप्रधानमन्त्री प्रचण्ड चणिकलाल तामाङलाई कार्यकर्ता करार गर्दै खादामाला लगाइरहेका छन् । उता एमालेका केही कार्यकर्ता शनिबार नै केही उद्धारकलाई 'पार्टी सदस्यता' टँसाउँदै सामाजिक सञ्जाल रंगाइरहेका थिए । भर्खरै, सत्ताबाट प्रतिपक्षमा धकेलिएको राष्ट्रिय स्वतन्त्र पार्टीको विपद्मा आधिकारिक धारणा आलोच्य रह्यो । पार्टीका कार्यबाहक प्रवक्ता मनिष झाले आइतबार 'दुई दिनको पानीले दुई तिहाइको औकात देखाइदिएको' टिप्पणी गरिरहेका थिए । कस्तो हुन्थ्यो होला- लाखौंलाख दलका कार्यकर्ता विपद्मा परेका नागरिकका उद्धारक बनेर उद्धारमा हानथाप गरिरहेका भेटिनु र नागरिक तहबाट नै ती उद्धारकलाई खादामाला लगाउन भ्याइनभ्याइ हुन्थ्यो भने । बिडम्बना, सस्तो राजनीति हुने हाम्रो देशमा यी सबै कुरा कल्पनामा मात्रै सम्भव छ । त्यसैले मतदाताले अब भोट माग्न आउनेलाई सोध्नुपर्छ- तपाईंहरूले राजनीति गर्ने यही देशमा होला जहाँ प्राकृतिक विपद्को जोखिम अत्यधिक छ । विपद् प्रतिकार्य सम्बन्धी तपाईंको पार्टीको योजना के छ ?

**केही प्रश्न रमिते भिडलाई पनि**

विपद्जन्य घटना आसपास हुने रमितेको भिडप्रति पनि सचेत नागरिकले प्रश्न गर्नुपर्छ । सरकारले कोशी ब्यारेज वरपर नजानु भन्छ । भिड त्यहीं पुग्छ । उनीहरूलाई हटाउन प्रहरी नै परिचालन गर्नुपर्छ । मौसम पूर्वानुमान र सम्भावित जोखिम हेरेर रात्रिकालीन बस सेवा बन्द गर्ने निर्णयको पूर्ण पालना भएन । विपदसँग लड्नु सरकारको मात्रै दायित्व होइन । नागरिक आफैं राज्यको एउटा महत्वपूर्ण इकाई हो । सरकार निरीह देखिएको बेला व्यक्ति र परिवार थोरै मात्रै जिम्मेवार हुने हो भने आफ्नो र केही मात्रामा अरुको पनि ज्यान बचाउन सकिने रहेछ भन्ने यस पटककै उदाहरण काफी छ । त्यसकारण विपद्बाट बच्ने सचेतना र सीप नागरिकले पनि लिइराख्नुपर्छ ।

नख्खुमा परिवार बाढीले बगाइरहँदा फेसबुक लाइभ गरिरहेका नागरिकलाई डोरी खोज्ने हतारो देखिँदैन । आज केही मानिस बाढी-पहिरोमा पर्छन् । यस्तो विपद्को जोखिम अत्यधिक रहेको देशमा को कतिबेला प्राकृतिक-मानवीय विपद्को एम्बुसमा पर्छन्, थाहै हुँदैन । के थाहा हामी पर्दा अरू कोहीलाई यसरी नै डोरी खोज्ने हतारो हुँदैन कि ? किनकि हाम्रा वरिपरि सधैं चणिकलालहरू नभेटिन सक्छन् ।

*(साभार: अनलाइनखबर)*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ असोज १६ गते बुधबार २ अक्टोबर २०२४ । औंसी, आश्विन कृष्णपक्ष । नेपाल संवत ११४४ ने.सं. । सूर्योदय ५:५७, सूर्यास्त ५:४७ । अन्तर्राष्ट्रिय अहिंसा दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : चुनौतीहरु बढ्नेछन् | **तुला** | : प्रयत्न निरर्थक हुनेछ |
| **वृष** | : आम्दानी घट्नेछ | **वृश्चिक** | : व्यावसायिक काम बन्नेछ |
| **मिथुन** | : मित्रताले हर्ष बढ्नेछ | **धनु** | : सहयोगीले असहयोग गर्नेछन् |
| **कर्कट** | : कामको तारिफ हुनेछ | **मकर** | : पढाइमा प्रगति हुनेछ |
| **सिंह** | : अरुको मन लोभ्याउन सकिनेछ | **कुम्भ** | : समस्या दोहोरिन सक्नेछ |
| **कन्या** | : दाम कमाउने बेला छ | **मीन** | : घरेलु काममै अलमल हुनेछ |

# वैकल्पिक शक्ति दलविहीन हुनसक्छ ?

✍ कपिल काफ्ले

सरकारमा जानुअघि सबै राजनीतिक दल एक प्रकारले वैकल्पिक शक्ति हुन्छन् । त्यस बेला वैकल्पिक शक्तिको पहिचान हुन्छ- सत्तामा बसिसकेका पुराना शक्तिलाई गाली गर्न सक्ने क्षमता । उसको नजरमा सरकारमा बसिसकेको शक्ति पुरानो र असामयिक हुन्छ, तर ऊ आफू भने समयसापेक्ष र नयाँ रहेको दाबी गर्छ । सरकारमा जानुपूर्व मात्र राजनीतिक दलले आफूलाई वैकल्पिक शक्तिका रुपमा चिनाउने होइन, पार्टी गठनका समयमा पनि नयाँ शक्ति वा वैकल्पिक शक्तिका रुपमा आफूलाई चिनाउने र जनताको लोकप्रियता आर्जन गर्ने काम हुने गरेको देखिन्छ । जे होस्, 'नयाँ शक्ति' वा 'वैकल्पिक शक्ति' मा आम जनताको ध्यानाकर्षण गर्ने शक्ति छ, त्यसैले यस विशेषणका साथ राजनीतिक दलहरु उदाउने र सरकारमा जाने गर्दछन् । तर, पछिल्लो केही महिनायता 'नयाँ' र 'वैकल्पिक' जस्ता शब्दावलीमा अन्तरनिहित आकर्षणमा केही कमी आएको छ ।

नयाँ शक्तिको अवधारणा आफैंमा प्रस्टचाहिँ छैन । नयाँ शक्ति वा वैकल्पिक शक्ति भन्नु एउटै कुरा हो भन्ने बुझाइचाहिँ छ, तर यसका आधारभूत पहिचानका विषय के हुन्, प्रस्ट व्याख्या हुन बाँकी छ । यद्यपि नेपाल प्रजा परिषद्, नेपाली राष्ट्रिय कांग्रेस, नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्रलगायतका राजनीतिक शक्तिहरुको इतिहास हेर्दा सत्ता सञ्चालनमा रहेका शक्तिको विकल्पमा उभिने शक्ति नै नयाँ शक्ति वा वैकल्पिक शक्तिको पहिचान हो । यसरी हेर्दा 'नयाँ शक्ति' वा 'वैकल्पिक शक्ति'लाई चिन्न वर्तमान सत्ताको विकल्प दिन सक्ने हैसियतलाई मान्नुपर्ने हुन्छ ।

नेपालमा नेकपा एमाले, नेका र माओवादी केन्द्रलाई प्रतिस्थापन गरेर शासन गर्ने शक्ति को हुनसक्छ भनेर हेर्नुपर्छ । पछिल्लो उनासी सालको संसदीय निर्वाचनलाई आधार मानेर हेर्दा राष्ट्रिय स्वतन्त्र पार्टी संघीय स्तरको वैकल्पिक शक्ति हुनसक्छ भने प्रदेश स्तरमा सिके राउत र रेशम चौधरीका राजनीतिक दलहरु नयाँ शक्तिका रुपमा आउन सक्छन् । तर 'आउन सक्नु' र आउनुमा ठूलो खाडल देखिन्छ । राष्ट्रिय स्वतन्त्र पार्टी यसका अध्यक्ष रवि लामिछानेकै कारण विवादमा छ । बहुपत्नीको आरोपलाई जनताले 'व्यक्तिगत' मामिला भनेर बेवास्ता गरे, दोहोरो नागरिकता र पासपोर्ट विवादलाई पनि 'नियत खराब देखिन्न' भनेर मतदाताले माफी दिए । लामिछाने विवादका बाबजुद दुईपटकसम्म चितवनको आफ्नो निर्वाचन क्षेत्रबाट चुनिनु यही माफीकै सूचक हो । तर जब सहकारीबाट पैसा लिएर जनता ठगेको जुन पछिल्लो आरोप लाग्यो, त्यो सामान्य देखिन्न । एकातिर एमाले, नेका र माओवादी केन्द्रजस्ता ठूला र पुराना राजनीतिक दलहरु सत्तामा यसरी कुण्डली मारेर बसेका छन् कि उनीहरु कुनै नयाँ वैकल्पिक शक्तिलाई नजिक आएको देख्नासाथ डसिहाल्छन्, अर्कातिर नयाँ शक्तिका रुपमा स्थापित हुन आवश्यक पर्ने आधारभूत पक्ष रवि लामिछाने र उनको दल रास्वपाले पूरा गर्न पनि सकेन । नयाँ हुनु भनेको केवल नयाँ नाम मात्र त होइन, विचार र व्यवहार नयाँ हुनु हो । सामान्यतः जन्ममै दोष देखिएको बालकले पछि ठूलो भएर पनि विशेष पहिचान बनाउन सक्तैन ।

रवि लामिछानेले विवादमा पर्नासाथ अर्का प्रभावशाली नेता स्वर्णिम वाग्लेलाई सरकारमा सहभागी हुने जिम्मा दिएर आफू राजनीतिक दल मात्र चलाएर बसेको भए 'नयाँ' हुन्थ्यो, पुराना दलहरुले नगरेको व्यवहार देखिन्थ्यो । जनता स-साना कुराको पनि ध्यान दिइरहेका हुन्छन्, रास्वपाले पहिलोपटक वासलात सार्वजनिक गर्दा 'नयाँ' ठानेका थिए । अरु पुराना दलले गर्न नसकेको काम भनेर रास्वपालाई विकल्पका रुपमा छनौट गर्ने तत्परता पनि देखाएका थिए जनताले । तर न त अर्को वासलात प्रकाशित गरियो, न त भ्रष्टाचारबाट मुक्त भएको छवि नै देखाउन सक्यो रास्वपाले । निष्कर्षमा रास्वपाले नयाँ शक्तिको नेतृत्व गर्ने सम्भावना रहेन । यद्यपि यस पार्टीभित्र असल चरित्र भएका प्रतिभाशाली व्यक्तिहरुको संख्या कम छैन । त्यसैले नयाँ शक्ति वा वैकल्पिक शक्तिका लागि 'नयाँ' चरित्र देखाउँदै बालेन शाहजस्ता व्यक्तिको नेतृत्वमा वैकल्पिक शक्ति बनाउने हो भने सम्भावना टरेको छैन । व्यक्तिगत प्रतिभा र क्षमताका कारण पछिल्लो स्थानीय निर्वाचनमा आर्जन गरेको विजयलाई आधार मान्दा शाहको छवि र प्रतिभा अग्रस्थानमा देखिन्छ ।

यतिखेर बालेन शाह, हर्क साम्पाङ र गोपाल हमाल लोकप्रियताको अग्रस्थानमा छन् । उनीहरुको काम स्वच्छ र पारदर्शी देखिएको छ । लोकतन्त्रमा सबैमा यस प्रकारको चरित्र अपेक्षित हुन्छ, तर यही चरित्र हाम्रा लागि 'नयाँ शक्ति' को पहिचान हुन पुगेको छ । नयाँ वा वैकल्पिक शक्तिका लागि त्यसका नेता तथा कार्यकर्तामा पूर्ण इमानदारी, निजी स्वार्थभन्दा माथि रहेको मानसिकता र जनताका लागि काम गर्ने जाँगर र क्षमता आवश्यक छ । प्रचण्ड, ओली र देउवा तीनजनामै यस प्रकारको इमानदारी देखिएन । उनीहरुको निर्देशनमा चलेका नेतागण र अनुयायीमा पनि नेतृत्वको गुण सर्नु अस्वाभाविक होइन ।

यही 'नयाँ' चरित्रका कारण नयाँ शक्तिको पहिलो प्रतिनिधित्व यतिखेर काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले गरेको देखिन्छ । शाहलाई जनताले वैकल्पिक शक्ति मानेको देखिन्छ । तर उनी एक्लैले स्वतन्त्र उम्मेदवारकै हैसियतमा बसेर आगामी २०४८ को संसदीय निर्वाचनमा वैकल्पिक शक्ति बन्न सम्भव छैन । यसका लागि राजनीतिक दल बनाउनुपर्छ अथवा देशव्यापी अभियानका अभियन्ता निर्माण गर्नुपर्छ । एक विचार र अभियानमा आबद्ध समूह जसको कुनै राजनीतिक दल छैन, तर नीतिगत धर्म छ- भ्रष्टाचार नगर्ने र इमानदारीका साथ काम गर्ने धर्म । जसरी हिन्दु, बौद्ध, इसाई, इस्लामिक आदि धर्ममा विश्वास गर्नेहरु संगठित सदस्य नभए पनि आफ्नो धर्मका पक्षमा एकसाथ उभिने गर्दछन्, त्यस्तै अभियान वा विचारमा आबद्ध भएर देशव्यापीरुपमा उम्मेदवार दिने हो भने बालेन, स्वर्णिम वाग्ले, सिके राउतजस्ता व्यक्तिहरु मिलेर पार्टीरहित अभियान चलाउन सक्छन्, त्यस अभियानलाई नै जनताले वैकल्पिक शक्ति स्वीकार गरेर मतदान गर्न सक्छन् ।

राजनीतिक दलमा आबद्ध भएर सत्तामा जाँदा पार्टीलाई पाल्नुपर्ने भएका कारण भ्रष्टाचार गर्न नेताहरु बाध्य भएको पनि केही हदसम्म सत्य हो । नेपालको राजनीतिमा वैकल्पिक शक्तिका रुपमा उदाएका अनेकौं दलहरु पार्टी बचाउँदा बचाउँदै दलसहित जनताको मनबाट पखालिएका छन् । चोटिलो उदाहरण नेकपा माओवादी केन्द्र नै छ ।

*क्रमशः पृष्ठ-३....*

# अलपत्र यात्रुहरुको २० घण्टा लामो संकट मार्च

काभ्रे /वीपी राजमार्ग अन्तर्गत काभ्रेपलाञ्चोकको मंगलटार देखि ७० किलोमिटरमा रहेको काठमाडौं आइपुग्न गाडीमार्फत् सामान्यत: साढे दुई घण्टा लाग्छ । शुक्रबार बिहान इटहरीबाट काठमाडौं जाने बस चढ्दा शर्मिला श्रेष्ठको अनुमान पनि यस्तै थियो । यदि अनुमान अनुसार गाडी चलेको भए गत शनिबार एउटा बैंकमा जागिरका निम्ति उनले परीक्षा दिइसकेकी हुन्थिन् । त्यही परीक्षाका लागि भनेर उनी काठमाडौं आउँदै थिइन् ।

तर शुक्रबारको दिन बढ्दै जाँदा वर्षा बाक्लियो । साँझपख मंगलटार आइपुगेको गाडीलाई प्रहरी प्रशासनले अगाडि बढ्न दिएन । त्यस रात मंगलटारमै कटाए पनि भोलिपल्ट गाडी चल्दा शर्मिलाले परीक्षा दिन पाउँथिन्, उनको विश्वास पनि त्यही थियो ।

शनिबार बिहान हुँदासम्म सबथोक भताभुंग भइसकेको थियो । रेकर्ड ब्रेक हुने गरी परेको अत्याधिक वर्षाका कारण रोशी खोलामा बाढी आउँदा वीपी राजमार्ग क्षतविक्षत बनेको थियो । 'यता पनि भत्किएको छ, उता पनि भत्किएको छ', उनले भनिन्, 'परीक्षा त छुटिहाल्यो, अब घर फर्कने कसरी ?'

तर यो बिचल्लीमा उनी एक्लै थिइनन् । रोशी गाउँपालिकास्थित मंगलटार इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक कृष्ण गिरीका अनुसार झण्डै साढे तीन हजार यात्रु यो सडकखण्डमा अलपत्र परेका थिए ।

'त्यति धेरै मान्छे व्यवस्थापन गर्नै गाह्रो भयो । बस्ने र खाने समस्या थियो', उनले संचारकर्मीसँग भने, 'तर स्थानीय सरकार, सामाजिक संघसंस्था र हामी मिलेर व्यवस्थापन गर्‍यौं ।'

त्यही अलपत्र पर्ने भीडमा शर्मिला पनि थिइन् । अलपत्र परेकाहरुमध्ये अधिकांशले शुक्रबार गाडीमै रात बिताए । 'पहिलो रात गाडीमै बस्यौं, तर भोलिपल्ट पहिरो र बाढी देखेपछि गाडीमा बस्न पनि डर भयो', जनकपुरका सरोज मण्डलले भने ।

अझ नेपालथोकदेखि काभ्रे भञ्ज्याङसम्मका सडकखण्ड हत्तपत्त बन्नै नसक्ने गरी भत्किएको सूचना सुनेपछि उनीहरु थप आत्तिए ।



'भत्किएका र पहिरोले पुरिएका सडकहरुको बीचबीचमा गाडीहरु छन् । त्यो गाडी अगाडि जान्छ न पछाडि', झापा बिर्तामोडकी पुष्पा लुइँटेलले भनिन् ।

तर त्यस्तो विनाशकारी बाढी पहिरोबाट ज्यान जोगिएको भनेर चित्त बुझाइन् । 'जता हेर्‍यो भीर छ, भत्किएको सडक र पहरा छन् । धन्न, बाँचेर निस्किएँ' लुइँटेलले संचारकर्मीसँग भनिन्, 'हामीसँगै हिँडिरहेकाहरु कतिले आफन्त गुमाएका छन् ।'

मंगलटारमा परेको संकटपछि पुष्पालाई काठमाडौं नपुगी बिर्तामोड नै फर्कने मन थियो । तर झापा फर्कने विकल्प थिएन । 'अलपत्र परेकाहरु काठमाडौंतिर हिड्न थालेपछि म पनि हिँडे', उनले भनिन्, 'एउटा खोला तर्‍यो, फेरि अर्को पाखा भीर आउँछ, बल्ल यहाँ (काभ्रेको बेला) आइपुगियो ।'

उक्त सडक खण्डमा अलपत्र परेकाहरु आइतबार बिहानैबाट काठमाडौंतिर पैदल हिँडेका थिए । उनीहरुले कम्तीमा नमोबुद्ध नगरपालिका-२ स्थित बेला आइपुग्नुपर्ने थियो । बेलादेखि काठमाडौं तर्फको सडक खण्ड जसोतसो चल्ने अवस्थामा रहेको सूचना पनि उनीहरुले पाए ।

तर मंगलबारदेखि बेलासम्मको यो ४० किलोमिटर पार गर्न उनीहरुलाई दुई दिन लाग्यो । 'त्यत्रो पहाड घुमेर बचेर आएको हो । एउटा बाटो काट्नलाई चार घण्टा भन्दा धेरै लाग्थ्यो । कति ठाउँमा बाटो बनाउँदै हिँड्नुपर्ने', सुनसरीका मनोजकुमार राउतले भने ।

बाटो नहुनु, अप्ठ्यारो हुनु र भोकै पर्नुबाहेक सँगसँगै हिड्नुपर्ने परिस्थितिले पनि धेरै समय लागेको सप्तरी राजविराज-२ का मोहम्मद रजाक भन्छन् । 'केटाकेटी र परिवारका मान्छेहरु छन्, बुढाबुढी छन्' उनी भन्छन्, 'अप्ठ्यारो बाटोमा एकले अर्कालाई हात दिएर हिँड्दा ढिलो भइहाल्यो ।'

मंगलटारदेखि बेला (नमोबुद्ध) सम्म हिँडिरहेको यो मानव साङ्लो हेर्दा पनि रजाकले भनेजस्तै सबै मिलेर हिँड्नुपर्दा धेरै समय लागेको अनुमान लगाउन सकिन्छ । 'अरु हिँडेको हेरेर हौसलामै म यहाँसम्म आइपुगें', ७० वर्ष कटेका इलियास मियाले भने ।

विराटनगरका मियाँ पनि मंगलटारमै अलपत्र परेका थिए । उनी अरु अलपत्र परेकाहरुको साथ भएर दुई दिनको पैदल हिँडे । मियाँ जस्ता बृद्ध अवस्थाका अरु थुप्रै यात्रुहरु हिँडेर काठमाडौं आउँदैछन् ।

'हेलिकप्टर पनि आएको थियो, त्यसले बिरामीहरु र विदेशीहरुलाई मात्रै लैजाने सुनेपछि हामी हिँड्यौं', मियाले भने । शुक्रबार रातिको वर्षाका कारण उक्त सडक खण्डमा अलपत्र परेकाहरु मध्ये झण्डै सात सयलाई हेलिकप्टरबाट उद्धार गरिएको सरकारी अधिकारीहरुले बताएका छन् ।

'सोमबार ३९० जना हेलिबाट उद्धार भयो । हिजो ३३७ जनाको भयो' काभ्रेका सहायक प्रमुख जिल्ला अधिकारी सुवास पौडेलले भने । तर जुन संख्यामा यात्रु अलपत्र छन्, हेलिकप्टरबाट हुने उद्धारले सम्भव देखिन्न । बरु अवरुद्ध सडक छिटो सञ्चालनमा ल्याउने अथवा पूर्ण क्षतिग्रस्त खण्डको वैकल्पिक व्यवस्था उपयुक्त विकल्प हो ।

यो विकल्पमा सरकारको पहलकदमी असाध्यै ढिलो भएको मोरङका जोगिन्दर साह बताउँछन् । 'मलाई हिँड्नुपर्ने बाध्यता थियो । शनिबार रातिको दुबईको फ्लाइट थियो । एअर अरेबियाको टिकट काटिसकेको थिएँ' जोगिन्दरले सुनाए, 'अलिकति हिँडेपछि गाडी भेटिएला भन्ने थियो । तीन दिन हिँड्दा पनि अहिले यही छु ।'

कुनै वैकल्पिक व्यवस्था गर्न पनि सरकारले हदै ढिलाइ गरेकोमा उनको आक्रोश छ । सरकारप्रति आक्रोश पोख्ने उनी एक्लो भने होइन । बरु अलपत्र यात्रुहरु हिडिरहेको मानव साङ्लोमा जोगिन्दर साझा प्रतिनिधि आवाज थिए । 'हामी २० घण्टादेखि हिडिरहेका छौं । कति भोकै छौं, कति घाइते छौं । केटाकेटी र बृद्धबृद्धा भन्न पाइएको छैन' हिँडेरै बेला आइपुगेकी पुष्पा लुइँटेलले भनिन्, 'यो दुखको बेला साथ नपाउँदा रिस उठिहाल्छ नि ।'

**स्थानीयलाई आभार**

ट्राफिक प्रहरी कार्यालय काभ्रेका प्रमुख विकासकुमार तामाङ मंगलटारमा अलपत्र परेकाहरु मध्ये पैदल हिडेर सोमबार साँझसम्म ७ सय बढी नमोबुद्ध आइपुगेको बताउँछन् । 'आजसम्मको तुलना गर्दा ७ सय जनासम्म हिडेरै पैदल आएको अनुमान गरिएको छ', उनले भने । पैदल हिँड्न यात्रुलाई सहयोग गर्नेगरी स्थानीय सरकार, संघसंथा र सडक विभाग मिलेर सडकको अवरोध हटाउने प्रयास भइरहेको उनी बताउँछन् । 'राजगार्ग क्षतिग्रस्त छ, सञ्चार सेवा पनि बिच्छेद भएको अवस्था छ । धेरै यात्रीहरु सम्पर्क विहीन छन्' ट्राफिक प्रमुख तामाङले भने, 'यस्तो बेला सकेसम्म स्थानीय स्तरमा समन्वय गरेरै काम गरिरहेका छौं ।'

उनले भनेजस्तै स्थानीय तहमा अलपत्र यात्रुहरुलाई जोगाउन ठूलै प्रयत्न भएको छ । पैदल हिँडिरहेकाहरुले पनि स्थानीय सरकार र संघसंस्थाको प्रशंसा गरे । मंगलटार सहित पैदल यात्री हिडेका ठाउँहरुमा बस्ने र खाने ठाउँ मिलाइदिएकोमा उनीहरुले स्थानीय पहलकदमीप्रति धन्यवाद दिए । 'मंगलटारमा हामीलाई एउटा स्कुलमा राखियो, बिहान खाना पनि दिइएको थियो', सप्तरीका रामप्रसाद मण्डलले भने ।

विशेषगरी मंगलटारमा अलपत्र परेका यात्रुहरुलाई स्कूल, प्रहरी चौकी, स्थानीय दलका पार्टी कार्यालय, संघसंस्थाको कार्यालय लगायत सामाजिक भवनहरुमा राखिएको थियो । बाढी पहिरोपछि बस्ने/खाने व्यवस्था र पैदल हिड्ने सुझाव भन्दा पनि शुक्रबार राति मंगलटारमै गाडी रोक्ने निर्णयले ठूलै गुण परेको उनीहरुलाई लागेको छ । 'तलबाट सडक भत्किरहेको छ, माथिबाट पहिरो खसिरहेको छ' काठमाडौं आउँदै गरेका मियाले भने, 'साझँमै गाडी रोकेरै राम्रै भएछ ।'

तर ज्यान जोगिएका हरेकसँग आफ्नै समस्या छन् । परीक्षा छुटेको, समयमा अस्पताल पुग्न नसकेको, विदेश जाने फ्लाइट छुटेको लगायत समस्या उनीहरुसँग छन् । विशेषगरी विदेश जानेहरुलाई फ्लाइटको चिन्ता छ ।

'११ गतेको फ्लाइट छ, रोमनिया जानुपर्ने हो' छुट्टीमा नेपाल आएका भोजपुरका भगिन्द्र मगरले पीडा पोखे, 'दुई दिन भइसक्यो हिडेंको, अब सुटकेश बोकेर हिड्नै नसक्ने भइसकें ।' मंगलटारमा गाडीमै छुटेको आफ्नो सामानको सुरक्षा उनीहरु सबैको साझा पिर देखिन्छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'बेहुली फ्रम मेघौली'लाई पर्याप्त शो, कस्तो होला ओपनिङ ?

काठमाडौं/यतिबेला कुनै फिल्मको ठूलो प्रतिक्षा भैरहेको छ भने त्यो 'बेहुली फ्रम मेघौली'को हो । प्रचार शैली र 'छड्के सलाम' गीतका कारण चर्चामा रहेको फिल्ममा 'स्टार कास्ट' पनि बलियो भएकाले सुखद् ओपनिङको प्रक्षेपण गरिएको छ । यही बिहीबार घटस्थापनाबाट सार्वजनिक प्रदर्शनको तयारीमा रहेको फिल्मको सोमबार साँझबाट प्राय: मल्टीप्लेक्सहरुमा एड्भान्स बुकिङ खुल्ला भैसकेको छ ।




फिल्मले देशभरका मल्टीप्लेक्सहरुमा पर्याप्त शो पाएको छ । देशकै सबैभन्दा ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले मात्र फिल्मलाई आफ्नो देशभरको स्टेशनमा गरी कूल ७३ शो (काठमाडौं उपत्यकामा ३२ शो र उपत्यकाबाहिरका ९ वटा हलमा ४१ शो) उपलब्ध गराएको छ । शनिबारबाट नेपालमा लागेको साउथ फिल्म 'देवरा' अपेक्षाकृत नचलेकाले यसको शो पनि फिल्मलाई थपिन सक्छ ।

अर्को मल्टीप्लेक्स चेन आइएनआई सिनेमाजले फिल्मलाई काठमाडौंका दुई हल र बुटवलमा गरेर १४ शो बाँडेको छ । त्यस्तै, वान सिनेमाजले नयाँ बानेश्वर र कालीमाटीमा गरी ९ शो, बिग मुभिजले ६ शो र एफक्युबले ७ शो दिएका छन् । केही मल्टीप्लेक्सहरुमा भने फिल्मको एड्भान्स बुकिङ खुल्ला हुन बाँकी नै छ । सम्भवत: फिल्मले पहिलो दिन देशभर २ सयभन्दा बढी शो पाउन सक्छ ।

अब उपलब्ध शोलाई अकुपेन्सीमा बदल्नुपर्ने चुनौती 'बेहुली फ्रम मेघौली'लाई छ । फिल्मको हाइप हेर्दा त्यो सम्भव देखिन्छ । बक्स अफिसमा लामो रेसको घोडा बन्न भने 'वर्ड अफ माउथ' नै बलियो हुनुपर्नेछ । फिल्मलाई सबैभन्दा ठूलो चुनौती भनेको असोज १८ गते (घटस्थापनाको भोलिपल्ट) प्रदर्शन हुन लागेको हलिउड फिल्म 'जोकर २' हो । यसले फिल्मको धेरै शोहरु कटौती गर्न सक्छ ।

साजन काफ्ले र आकाश बरालको संयुक्त निर्देशनमा बनेको 'बेहुली फ्रम मेघौली'ले छोरीका लागि योग्य वर (केटा) खोज्न परिवारले गर्ने संघर्षलाई रमाइलो शैलीमा देखाएको छ । फिल्ममा स्वस्तिमा खड्का र निश्चल बस्नेत शीर्ष भूमिकामा छन् भने बसुन्धरा भुषाल, विजय बराल, सिमरन खड्का, लोकेन्द्र लेखक, रक्षा थापा, सिरु बिष्ट, आमिर गौतम, टीका पहारी लगायतको अभिनय रहेको छ ।

# रिश्मालाई 'कबड्डी ५'बाट अफर, तर दिएकी छैनन् निर्णय

काठमाडौं/ब्लकबस्टर फ्रेन्चाइज 'कबड्डी'को पहिलो र दोस्रो श्रृंखलामा मैयाँको भूमिकामा अभिनय गरेर चर्चामा आएकी अभिनेत्री रिश्मा गुरुङ पछिल्लो पटक 'कबड्डी ३'को क्लाइमेक्समा झुल्किएकी थिइन् । उनको डेढ मिनेट जति सिन थियो । खासमा उनलाई 'कबड्डी ४'मा दोहोर्‍याउने उद्देश्यले लिइएको थियो । तर, 'कबड्डी ४'बाट उनलाई अफरै गरिएन । जसले गर्दा उनले निकै चित्त दुखाएकी थिइन् ।



अब 'कबड्डी ५' निर्माणको तयारीमा छ । यसमा 'कबड्डी'को पहिलो श्रृंखलाकै कलाकारहरू दोहोर्‍याउने तयारीमा निर्देशक रामबाबु गुरुङ रहेको चर्चा छ । यसैले होला, रिश्मालाई पनि फिल्म अफर गरिएको छ । फिल्म 'रिमै'मा काम गर्न आइतबार अमेरिकाबाट नेपाल आएकी उनले सञ्चारकर्मीसँगको कुराकानीमा निर्देशक रामबाबु गुरुङले आफूलाई फिल्म अफर गरेको जानकारी गराइन् ।

उनले भनेकी छन्, 'मलाई 'कबड्डी ५'बाट अफर चाहिँ आएको छ । रामबाबु दादाले नै फोन गरेर 'कबड्डी ५' बनाउँछौं, तिम्रो समय के छ भनेर सोध्नुभएको थियो । तर, मैले 'हुन्छ' भनिसकेको छैन । किनकि, म नेपालमा बस्दिनँ । अमेरिकामा बस्ने भएकाले समय के हुन्छ, त्यसपछि निर्णय दिन्छु भनेर बसेको छु ।' उनले 'कबड्डी ४'कै लागि भनेर आफूले 'कबड्डी ३'मा काम गरेको पनि बताइन् ।

विवाह गरेर अमेरिका गएपछि रिश्मा फिल्म नगर्ने मनस्थितिमा थिइन् । 'रिमै' अफर हुँदा पनि उनी दोधारमा थिइन् । तर, फिल्मको टिम र उपेन्द्र सुब्बाले स्क्रिप्ट लेखेका कारण उनी काम गर्न तयार भएकी हुन् । उनी भन्छिन्, 'अब म फिल्म गर्दिनँ नै भनेर बसेको थिएँ । तर, निर्देशक (खिल बहादुर गुरुङ)ले धेरै आग्रह गर्नुभयो । उहाँले उपेन्द्र सुब्बाको स्क्रिप्ट हो भनेपछि काम गर्न तयार भएँ ।'

पहिलो र दोस्रो 'कबड्डी' पछि रिश्मालाई फिल्म अफरको ओइरो लागेको थियो । तर, यसपछि उनले मुख्य भूमिकामा फिल्म 'झुम्की' मात्र गरिन् । आफूले अध्ययनका कारण धेरै फिल्म गर्न नसकेको उनको भनाई छ । भन्छिन्, 'फिल्मको ओइरो आउने बेलामा मैले पढाईमा ध्यान दिनुपर्‍यो । 'मास्टर डिग्री' पूरा गर्नु थियो । त्यसपछि विवाह भयो । यसैले फिल्मलाई त्यति धेरै समय दिन सकिएन ।'

# 'खुस्मा'को व्यापारले धीरज र उपासनालाई राहत

काठमाडौं/एउटा कलाकारको करिअरमा फिल्मको व्यापारले ठूलो अर्थ राख्छ । चल्तीका कलाकार भए त झन् फिल्मको सफलता अपरिहार्य नै मानिन्छ । किनकि, फिल्मको सफलताकै आधारमा उनीहरुको करिअर टिकेको हुन्छ । एउटा फिल्म मात्र पनि बक्स अफिसमा असफल भइदिए ठूलो समस्या उत्पन्न हुन्छ । श्रृंखलाबद्ध रुपमा फिल्म असफल हुँदा संकटमा पुगेका कयौं नेपाली कलाकार छन् ।

अभिनेता धीरज मगर र अभिनेत्री उपासना सिंह ठकुरी पनि फिल्मको असफलताले ठूलो संकटमा थिए । अझ बढी धीरज । उनको पहिलो फिल्म 'इन्टु मिन्टु लण्डनमा' सफल भयो । यही फिल्मबाट उनी 'स्टार'को रुपमा उदाए । तर, यसपछि उनले काम गरेका तीन फिल्म 'बाबरी', 'ज्याकी : आईएम ट्वान्टीवान' र 'एक भगवान् गीता' चलेनन् । जसले गर्दा उनको करिअर धरासायी बन्न पुग्यो ।

असफलताको श्रृंखलामा क्रमभंग गर्न उनलाई एउटा हिट फिल्म अनिवार्य चाहिएको थियो । धेरै हदसम्म उनलाई असोज ३ गतेबाट आएको फिल्म 'खुस्मा'ले राहत दिएको छ । प्रदर्शनको पहिलो हप्ता फिल्म हेर्न हलमा दर्शकको चाप राम्रो देखियो । अझै पनि पूर्वी जिल्ला र पोखरा क्षेत्रमा व्यापार राम्रो छ । फिल्मको 'रुकुम मैकोट' गीत पनि 'सुपरहिट' भइदिँदा उनलाई ठूलो फाइदा पुगेको छ । उपासनाको पनि अघिल्ला दुईवटा फिल्म 'डिसेम्बर फल्स' र 'हात्तीछाप' डिजास्टर भएका थिए ।

# वैकल्पिक शक्ति दलविहीन...

२०६३ साल मंसिर ५ गते भएको विस्तृत शान्ति सम्झौता पछि नेकपा माओवादी बलियो वैकल्पिक शक्तिका रुपमा उदाएकै हो, जनताले २२० मत दिएर संसद्को ठूलो राजनीतिक शक्ति बनाएकै हुन् । तर, सशस्त्र विद्रोहबाट आएको महान् क्रान्तिकारी शक्ति भनेर कुम उचाल्दैमा नहुने रहेछ, अहिले उसको वैकल्पिक चरित्र वनवास गएको छ ।

अहिले ऊ केन्द्रीय संसद्मा मुस्किलले तेस्रो शक्ति बनेको छ । पार्टीका लागि भ्रष्टाचार गर्नुपरेकै कारण यसका क्रान्तिकारी नेताहरु कोही जेलमा छन् त कोही बाहिरै बसेर आय-व्ययको हिसाब मिलाइ रहेका छन् । दलाल पुँजीपति वर्गले सत्तामा जान सक्ने र भर्खरै गएको राजनीतिक दल र नेतालाई यति बढी कोसेली र उपहार दिन्छन् कि नेताहरु आय-व्ययको हिसाबमा फसिहाल्छन् । नफस्नका लागि राधा-कृष्णको जस्तो मनको मायाले बाँधिनुपर्छ, नकि कृष्ण र रुक्मिणीको जस्तो विवाहको लगनगाँठोले । राजनीतिक दल भनेको पनि यही लगनगाँठो न हो, नेता-कार्यकर्तालाई बाँध्ने । विचार र अभियानका साथ बाँधिएर चौरासीको निर्वाचनमा उभिन सकिन्छ । दलमा आधारित संघीय लोकतान्त्रिक गणतन्त्रमा पुराना दलहरुलाई देखाउन योभन्दा 'नयाँ' अवधारणा अरु के चाहियो ?

यस प्रकारको अवधारणामा आधारित दलविहीन समूहको नेतृत्व बालेन शाहजस्ता युवाले गर्ने तर सल्लाहकारको भूमिका डा. बाबुराम भट्टराईजस्ता उमेरले पुराना तर विचारले नयाँ व्यक्तिलाई दिन सकिन्छ । यो सोच पनि आफैंमा 'नयाँ' हुनेछ । २०७३ सालमा नयाँ शक्ति पार्टी खोलेर वैकल्पिक शक्तिका रुपमा उदाएका डा. भट्टराई पुराना, प्रतिगमनकारी राजनीतिक दल र दलाल पुँजीपतिका आशिर्वादमा बाँचेका त्यसका नेताका कारण सीमान्तकृत बनेका हुन् । देशका लागि उनीसँग आकर्षक योजनाहरु छन् । तर नेपाल समाजवादी पार्टी (नेसपा) ले उनको विचार थेग्ने हैसियत राख्दैन ।

भ्रष्टाचारबाट मुक्त र क्रियाशील नेतृत्वप्रति देश तथा विदेशमा रहेका नेपाली कति आकर्षित छन्, बुझ्नका लागि यही असोज ७ को घटना पर्याप्त छ । प्रधानमन्त्री केपी शर्मा ओली र पर राष्ट्रमन्त्री डा. आरजु राणा देउवा सहभागी हुने तय भएको अमेरिकाको एक कार्यक्रम 'नयाँ शक्ति' को विरोध गर्नेलाई कालो झन्डा देखाउने सुइँको पाएर अन्तिम समयमा स्थगित गरियो । नेपाली महावाणिज्य दूतावास, न्युयोर्कले एक सूचना जारी गर्दै ओली र राणाको व्यस्तता तथा समारोहस्थलको सुरक्षा संवेदनशीलताका कारण कार्यक्रम स्थगित भएको जनायो । 'संयुक्त राष्ट्र संघको महासभा, समिट अफ द फ्युचर तथा अन्य साइडलाइन मिटिङहरूमा व्यस्त रहनुपरेको र समारोहस्थलको सुरक्षा संवेदनशीलता बारे सम्बन्धित निकायको सुझाव समेतलाई ध्यानमा राखी कार्यक्रम स्थगित गरिएको सबैमा सूचित गरिन्छ,' सूचनामा भनियो । खासगरी बालेन शाहका समर्थकहरुले ओली र राणालाई कालो झन्डा देखाउने तयारी गरेको बुझेपछि उनीहरु कार्यक्रममा जान डराएका हुन् ।

वास्तवमा प्रधानमन्त्री भएर ओलीले बालेन शाहमाथि जुन कटाक्ष गर्दै आएका छन्, त्यो कसैलाई पनि मन परेको छैन । पछिल्लो समय ओलीले आफूले मात्र बालेनको विरोध नगरी आफ्ना नेता-कार्यकर्तालाई पनि यो काम गर्न लगाएका छन् । एक सच्चा नेपाली बालेनलाई उनका नेताहरुले 'भारतीय दलाल' को आक्षेप पनि लगाएका छन् । पुराना र प्रतिगमनकारी शक्तिहरु कतिसम्म असहिष्णु हुँदा रहेछन् भन्ने बुझ्नका लागि यो पछिल्लो आरोप पर्याप्त देखिन्छ ।

पछिल्लो समय राजधानीका नदीक्षेत्र विस्तार गर्ने योजनामा लागेका बालेन र सो क्षेत्रमा सम्पत्ति जोडेर बसेका एमाले समर्थकका कारण बालेन-एमाले विवाद चर्किएको छ । तीन वर्षअघि नै सर्वोच्च अदालतले गरेको नदी किनाराको २० मिटर जग्गा छाड्नुपर्ने एक फैसलालाई लिएर प्रधानमन्त्री ओली अहिले तातेको भन्दै शाहले ओलीमाथि प्रश्न गरेका थिए । सोही प्रसंगलाई जोडेर शाहले लेखेका थिए, 'उहिल्यै मरिन् सासू, अहिले आए आँसु, यो चरित्रले कसरी देश बिगार्दै छ भन्ने उदाहरण ।' सर्वोच्चले गरेको फैसलालाई आफूले कार्यान्वयन गर्न खोजेको भन्दै बालेनले 'म काठमाडौं महानगरको मेयरमा उम्मेदवारी दिन्छु कि भन्ने तपाईंले थाहा पाउनुभन्दा पनि तीन वर्षअघि न्यायाधीशद्वय डा. आनन्दमोहन भट्टराई र सपना प्रधान मल्लको इजलासले २०७६ साउन २० गते १२ बुँदे फैसला जारी गरी नदीतटको मापदण्ड थप २० मिटर कायम गर्न भनेको हो ।'

पछिल्लो समय सामाजिक सञ्जालको शक्ति अपूर्व देखिन्छ । विश्वमा यस्तै सञ्जालका कारण देशव्यापी आन्दोलन चर्केका र सरकार बदलिएका छन् । प्रधानमन्त्री र मेयरले पनि यस मञ्चबाट अभिव्यक्ति दिनु अस्वाभाविक होइन । अस्वाभाविक के हो भने, बालेनले वस्तुवादी भई उदाहरण दिएर स्टाटस राख्छन्, ओलीको स्टाटस पूर्णत: विषयगत देखिन्छ । वस्तुगत हुनेहरु एउटा विचारमा अडिने हो भने राजनीतिक दलविना पनि सरकार बनाउन सकिन्छ भन्ने यो संकेत हो । संविधान, कानुन र निर्वाचन आयोगको नियमका धारा र दफाको कार्यान्वयनमा केही अलमल हुनसक्छ, तर दलविहीन शक्तिसरकार चलाउने विकल्प हुनसक्छ भन्ने कुरालाई नकार्न सकिन्न ।

*(साभार: न्यूज अफ नेपाल)*

# पेट्रोल, डिजेल, मट्टितेल र हवाई इन्धनको मूल्य घट्यो



काठमाडौं/नेपाल आयल निगमले पेट्रोल, डिजेल, मट्टितेल र हवाइ इन्धनको मूल्य घटाएको छ ।

सोमबार साँझ बसेको आयल निगम सञ्चालक समितिको बैठकले पेट्रोलमा प्रतिलिटर १ रुपैयाँ मट्टितेल तथा डिजेलमा प्रतिलिटर २ रुपैयाँ र हवाइ इन्धनको मूल्य प्रतिलिटिर ६ रुपैयाँ घटाएको छ ।

मूल्य घटेपछि चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज क्षेत्रमा पेट्रोलको मूल्य प्रतिलिटर १५५ र डिजेल र मट्टितेल १४६ रुपैयाँ कायम भएको छ ।

त्यस्तै सुर्खेत र दाङमा पेट्रोलको मूल्य १५७ र डिजेल तथा मट्टितेल १४६ रुपैयाँ कायम भएको छ । काठमाडौं, पोखरा र दिपायल क्षेत्रमा पेट्रोलको मूल्य १५८ रुपैयाँ र डिजले तथा मट्टितेलको मूल्य १४७ प्रतिलिटर कायम भएको छ ।

त्यस्तै आन्तरिक हवाइ इन्धनको मूल्य प्रतिलिटर १२६ कायम भएको छ । अन्तर्राष्ट्रिय हवाइ इन्धनको मूल्य काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा प्रतिकिलोलिटर ९६० अमेरिकी डलर र पोखरा तथा भैरहवामा ८६० रुपैयाँ प्रतिलिटर कायम गरिएको आयल निगमले जनाएको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)

सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७



अबिरल वर्षाका कारण शनिवार कुलेखानी खोलामा आएको बाढीले बगाएको मकवानपुरको उत्तरीक्षेत्र इन्द्रसरोबर गाउँपालिका-३ सिस्नेरी बजार । कुलेखानी जलाशयको दुईवटा ढोका खोलेपछि खोलामा आएको बाढीले सिस्नेरी बजारको प्रहरीचौकीदेखि घरटहरा बगाएको छ । शनिवारको बाढीले इन्द्रसरोबरको सिस्नेरीस्थित ३० घरटहरा बगाएको थियो । *तस्बिर: साझाकुरा ।*

# बागमतीका स्वास्थ्यमन्त्री थापा एम्बुलेन्स लिएर उद्धारमा खटिए

साझाकुरा संवाददाता

हेटौंडा, १४ असोज/ बागमती प्रदेशका स्वास्थमन्त्री किरण थापा एम्बुलेन्स लिएर प्राकृतिक प्रकोपमा घाइते भएको घटनास्थल पुगेका छन् ।

शुक्रबारदेखि परेको अविरल वर्षाका कारण पहिरोमा परेर घाइते भएकाहरुको उपचारका लागि अस्पताल पुऱ्याउन समस्या भइरहेको जानकारीमा आएपछि उद्धारका लागि एम्बुलेन्स लिएर मन्त्री थापा सूर्यविनायक-८ र ९ को सीमाना नैचाल पुगेर घाइतेको उद्धार गरेका छन् । पहिरोमा पुरिएर घाइते भएका दुईजनालाई उद्धार गरी भक्तपुर अस्पताल पुऱ्याइ उपचार भइरहेको छ । मन्त्री थापाले सोहीस्थानमा पहिरोमा पुरिएर मृत्यु भएकाहरुलाई पोष्टमार्टमका लागि अस्पताल पुऱ्याउन शवबाहनको व्यवस्था पनि गरेका थिए ।

शनिबार पहिरोमा पुरिएर नैचालकै ३७ वर्षीय मनु तामाङ र ५० वर्षीया मसली तामाङको मृत्यु भएको थियो । मृतकको शव आइतबार मात्र पहिरोबाट निकालिएको हो । सूर्यविनायक नगरको विभिन्न स्थानमा पहिरो जाँदा सडक अवरुद्ध भएका कारण घाइतेको समयमै उद्धार हुन सकेको थिएन । आइतबार अवरुद्ध सडक खुलाएपछि मात्र एम्बुलेन्स घटनास्थल पुगेको थियो । मन्त्री थापा क्षतिको स्थलगत निरीक्षण, उद्धार तथा सडक खुलाउनेलगायत काममा आफैं गएका थिए ।

मन्त्री थापा सूर्यविनायक-८ सिपाडोलको पहाडीभेगमा भएको धनजनको क्षतिलाई अवलोकन गर्दै अबरुद्ध सडक खुलाउन पहल, पीडितलाई राहत बितरण साथै आबश्यक बन्दोबस्तीको पहल गर्दै



बस्ती-बस्तीमा पुगेका थिए । तीन दिनदेखिको वर्षाका कारण भएको क्षतिको स्थलगत निरीक्षण गर्दै मन्त्री थापा वडाअध्यक्ष, रेडक्रसकर्मी, स्वयमसेवक, सुरक्षा निकाएको टोलीसँगै उद्धारमा खटिएको मन्त्री थापाको स्वकीयसचिव सन्जीव थापाले जानकारी दिए । शनिबार नै प्रदेश स्वास्थ्य मन्त्रालयले स्वास्थ्य निर्देशनालय, स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेशका १३ वटै अस्पताल, १३ वटा जनस्वास्थ्य कार्यालय, १३ वटै आयुर्वेद तथा वैकल्पिक चिकित्सालयलाई आवश्यक कार्यको लागि खटाएको छ ।

# बागमती सरकारले चणिकलाललाई डेढ लाखसहित सम्मान गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, १४ असोज/ बागमती प्रदेश सरकारले ललितपुर नख्खुखोलामा बग्दै गरेका दुईजनाको सकुशल उद्धार गरेका काभ्रेका चणिकलाल तामाङलाई डेढलाख नगदसहित सम्मान गर्ने भएको छ ।

मुख्यमन्त्री बहादुरसिंह लामाले चणिकको सहासिक कामबाट दुईजनाको ज्यान जोगिएको भन्दै प्रदेश सरकारले सम्मान गर्न लागेको जानकारी दिए । काभ्रेको तेमाल गाउँपालिका-९ चोकटारका तामाङले गत शनिबार नख्खुखोलामा बग्दै गरेका रौतहटका राजु साहकी छोरी ६ वर्षीया मेघना साह र राजुका भाइ २२ वर्षीय राज साहको उद्धार गरेका थिए ।

तामाङलाई टेलिफोन मार्फत् साहासिक कामका लागि धन्यवाद दिएको पनि मुख्यमन्त्री लामाले बताए । यसैगरी, मुख्यमन्त्री लामाले विपद् व्यवस्थापन र बाढी, पहिरो प्रभावितको तत्काल उद्धार र राहत व्यवस्थापनका लागि प्रदेश सरकारले १३ वटै जिल्लामा आवश्यक जनशक्ति व्यवस्थापन गरेको बताएका छन् । विपद् प्रभावितको उपचारका लागि सबै जिल्लामा टोली परिचालन गरिएको बताउँदै मुख्यमन्त्री लामाले पीडितको निशुल्क उपचारको व्यवस्था मिलाइएको जानकारी दिए ।

तत्काल राहत र अस्थायी बसोबासका लागि आवश्यक प्रवन्ध गरिएको बताउँदै मुख्यमन्त्री लामाले संघीय सरकारसँगको समन्वय र स्थानीय सरकारसँगको सहकार्यमा पीडितलाई थप राहतको व्यवस्थापन गरिने जानकारी दिए । प्रदेश भित्रका सबै जिल्लाका सडकको अवस्थाबारे तथ्यांक संकलन भइरहेको र दशैंअघि नै सवारी सञ्चालन हुनेगरी निर्माण थाल्न सरकारले विशेष रणनीति बनाएको मुख्यमन्त्री लामाले जानकारी दिए ।

# बर्तौलाको 'उज्यालोका बाछिटा' रेलमा विमोचन

साझाकुरा संवाददाता

हेटौंडा, १४ असोज/ साहित्य संगम मकवानपुरका अध्यक्ष तथा मुक्तक मञ्च मकवानपुरका संस्थापक अध्यक्ष डीबी बर्तौलाको नवीन तेस्रो मुक्तक संग्रह 'उज्यालोका बाछिटा' सत्याग्रह एक्सप्रेसमा विमोचन भएको छ । नयाँ ढंगबाट रेल गुड्दैगर्दा रेलमै मकवानपुरका मुक्तककार बर्तौलाका मुक्तक संग्रह 'उज्यालोका बाछिटा' पुस्तक विमोचन भएको हो ।

कार्यक्रमको सभाध्यक्ष अग्रज साहित्यकार रमेशमोहन अधिकारी तथा प्रमुख अतिथि अग्रज साहित्यकार ह्यग्रीव आचार्यले गरेका थिए । कार्यक्रममा प्रमुख अतिथि रहेका आचार्यले यसप्रकारको विमोचन सायद विश्वमै दुर्लव रहेको र ऐतिहासिक भएको तर्क प्रस्तुत गरेका थिए । फरकस्वाद र तीब्र व्यंग्य साथै हास्यात्मक भावको प्रयोग गर्नु र प्रत्येक मुक्तकमा उखानको प्रयोग हुनु आफैंमा नौलो प्रयोग रहेको पाइएको कुरा बताउँदै आचार्यले कृतिगत सफलताको शुभकामना व्यक्त गरेका थिए ।

कार्यक्रममा साहित्यकार मिथिला अधिकारी, बाराका साहित्यकार अप्सरा पुडासैनी, विष्णुप्रसाद गौतम, माधव पोखरेल, राजबाबु पहाडी, किशन पौडेलेले



'उज्यालोका बाछिटा' मुक्तक संग्रहबाट मुक्तकवाचन गरेका थिए । कार्यक्रममा मुक्तककार बर्तौलाले अनौठो र पृथकरुपमा मुक्तक संग्रह विमोचन भएकोमा अत्यन्त हर्ष व्यक्त गर्दै आफ्नो भनाइसहित सबैलाई धन्यवाद व्यक्त गरेका थिए ।

अधिकारीले ११ दिने साहित्यिक यात्रा गर्ने क्रममा २०८१ असोज १४ गते जुरेको यो अनौठो र ऐतिहासिक तरिकाले मुक्तककार बर्तौलाको 'उज्यालोका बाछिटा' विमोचन तथा वाचन कार्यक्रम सफल भएकोमा खुशी व्यक्त गरेका थिए । कार्यक्रममा मकवानपुर, बारा, कपिलवस्तु तथा भारतका साहित्यकार, साहित्यअनुरागीहरुको उपस्थिति रहेको थियो ।

# एमाले मकवानपुरद्वारा शुभकामनाका कार्यक्रम स्थगित

साझाकुरा संवाददाता

हेटौंडा, १४ असोज/ नेकपा एमाले मकवानपुरले विजयादशमी, तिहार र छठपर्वको अबसरमा आयोजना गर्ने शुभकामना आदानप्रदान तथा चियापनलगायतका सम्पूर्ण कार्यक्रम स्थगित गरेको जनाएको छ ।

सोमबार एमाले मकवानपुरका अध्यक्ष श्रीधर पोखरेलले विज्ञप्ती जारी गरी असोज ११ र १२ गतेको वर्षाको कारण मुलुकभर भएको जनधनको क्षति प्रति दु:ख व्यक्त गर्दै सम्पूर्ण कार्यक्रम स्थगित गरेको जानकारी दिएका हुन् । विज्ञप्तीमा ईन्द्रसरोवरको बत्सलादेबी माविमा एन्फा एकेडेमीका प्रशिक्षार्थी ६ जना र बागमती गाउपालिकामा घरमा पुरिएर १ जनाको असामयिक निधनप्रति दु:ख व्यक्त गर्दै श्रद्धाञ्जली अर्पण तथा घाईते सबैको शीघ्र स्वास्थ्यलाभको कामना गरिएको छ ।

एमाले मकवानपुरलले वर्षाबाट मकवानपुरका १० वटै पालिका प्रभावित भएको जनाउदै राज्यको सबै निकायले छिटो भन्दा छिटो एकीकृत सोचका साथ आउँदै गरेको चाडपर्वसमेतलाई ध्यानमा राखेर ग्रामीण किसानमा पर्नसक्ने समस्यालाई समाधान गरी पुन:निर्माणमा ध्यान केन्द्रित गर्न माग गरेको छ । अझै पनि मनसुन नसकिएको र बर्षात हुन सक्ने साथै सुख्खा पहिरो जानसक्ने अवस्था कायमै रहेकोले यसप्रति सचेत रहँदै सवै मातहतका कमिटीलाई सक्रियता र सजकतापूर्वक क्रियाशील रहदै राहत र उद्धारमा जुट्न अपिल गरिएको छ ।


हार्दिक बधाई तथा शुभकामना



बरिष्ठ अधिवक्ता ईश्वरराज ढकाल

यस संस्थाका कानूनी सल्लाहकार श्री ईश्वरराज ढकालज्यू सर्बोच्च अदालतको मिति २०८१/०६/१० गतेको निर्णयअनुसार बरिष्ठ अधिवक्ता उपाधि पाउन सफल हुनुभएकोमा हार्दिक बधाईसहित कार्यकाल पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

विजय सागर श्रेष्ठ (अध्यक्ष) एवम्

मकवानपुर बचत तथा ऋण सहकारी संस्था लि., परिवार



बागमती प्रदेश
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, मकवानपुर

सूचना ! सूचना ! सूचना !

नेपाल सरकार, जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले निति २०८१/०६/०९ गते जारी गरेको सूचनानुसार हाल देशभर रहेको मौसमी वायूका प्रभावको कारण मिति २०८१/०६/१० (बिहिबार) देखि २०८१/०६/१३ (आइतबार) सम्म बागमती प्रदेशका धेरै २०८१/०६/१० (बिहिबार) स्थानहरुमा भारीदेखि धेरै भारी वर्षा हुने सम्भावना रहेको र मिति २०८१/०६/१० (बिहिबार) देखि २०८१/०६/१३ (आइतबार) सम्मका लागि मनसुनी वर्षाको जिल्लागत जोखिमको विवरण अनुसार बागमती प्रदेशका दोलखा जिल्ला मध्यम जोखिम र अन्य १२ जिल्ला उच्च जोखिममा रहेका हुनाले कृषि क्षेत्रमा यसले पार्ने प्रभावप्रति सचेत हुन र निम्नानुसार गर्नुहुन आमकृषक माझ यो सूचना जारी गरिएको छ ।

१. पानी परेको समयमा रासायनिक/प्राङ्गारिक मलको प्रयोग गर्दा मल बगेर जाने हुँदा यो समयमा रसायनिक/प्राङ्गारिक मलको प्रयोग नगर्ने । साथै, बिषादीको पनी प्रयोग नगर्ने ।
२. धान खेत, तरकारी बारी तथा फलफूल वगैंचामा विभिन्न ठाउँबाट कुलेसो काटी पानीको निकास गर्ने ।
३. पानी परेको समयमा धान नकाट्ने र मौसम सफा भई पानी पर्न रोकेको ३-४ दिनपछि मात्र धान काट्ने । उपलब्ध भएसम्म मेसिनहरु प्रयोग गरी धान काट्ने र खेतमा नछोडी भित्र्याउने ।
४. हावाहुरीबाट लडेको धानको बालालाई सक्दो चाडै काटेर, थ्रेश गरी दाना सुकाई भण्डारण गर्ने र भिजेको धानलाई उसिना चामल बनाउने वा चिउरा, भुजामा प्रयोग गर्ने ।
५. वर्षा नरोकिँदासम्म तरकारीको नर्सरी व्याड नराख्ने । यदि राखेको भए पानी निकासको उचित व्यवस्था गर्नुका साथै प्लाष्टिकले ढाक्ने ।
६. पशुवस्तुलाई खुवाउने दानालाई सफा र ओभानो ठाँउमा भण्डारण गर्ने । चिसो ठाउँमा भण्डारण गरेको दानामा ढुसीको संक्रमण भई पशुवस्तुको पाचनक्रियामा समस्या आउनुका साथै बिष उत्पन भई पशुवस्तुमा क्षती पुग्न सक्दछ । त्यसैगरी भण्डारण गरिएको घाँस/परालमा ढुसीको संक्रमण हुनसक्ने भएकोले बेला-बेलामा निरीक्षण गर्ने ।
७. माछापोखरीमा धमिलो पानी मिसिन नदिने । माछापोखरीको निकासद्वारमा माछाको साइज अनुसारको जाली लगाई पानी निकासको उचित व्यवस्था मिलाउने ।
८. वर्षातको समयमा तापक्रम र आद्रतामा घटबढ भइरहँदा मौरीको छाउरामा कुहिने रोग (Foul Brood Disease) लाग्ने सम्भावना भएकोले मौरी घारको नियमित अनुगमन गर्ने र मौरीलाई खाना कम भएको अवस्थामा चिनी चास्नी बनाएर खुवाउने ।



चाडपर्वको बेला सुरक्षित यात्रा गरौं

चाडपर्वमा यात्रुको चाप बढ्ने भएकोले,

- पर्याप्त संख्या र नियमितरुपमा सवारीसाधन संचालन गरौं ।
- सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं ।
- सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं ।
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं ।
- सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं ।
- मादकपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं ।
- दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपहिशलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हक दाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हक दाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

तपसिल

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI१४१०००८५५१ | मनोज विश्वकर्मा | हेटौंडा-१०, मकवानपुर |
| २ | GLI०५१०००३६४० | तिलक सिंतान | मनहरी-०५, मकवानपुर |







साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना